संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक - ३९
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक स्थगित : ३:३५ बजे*

२०७९ साउन ४, बुधबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **उनन्चालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

**माननीय दुर्गा गुरुङ**ले कर्णाली प्रदेशको दैलेख सिरिस्थानको पेट्रोल उत्खनन् कार्यको प्रगति विवरण सार्वजनिक गर्न सम्बन्धित मन्त्रालयसँग माग गर्नुहुँदै उत्खनन् कार्यलाई प्राथमिकतामा राखेर कार्य गर्न माग गर्नुभयो ।

**माननीय नर बहादुर विष्ट**ले काठमाडौंको फुटपाथका व्यापारीहरूलाई लखेटेर मात्रै समस्याको समाधान नहुने हुँदा त्यस्ता व्यापारीलाई समेत करको दायरमा ल्याएर व्यवस्थित गर्नु पर्ने माग गर्नुभयो।

**माननीय भुवन बहादुर सुनार**ले बेरुजुको मात्रा संघ, प्रदेश र स्थानीय तहमा बढेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै यसको उचित नियन्त्रण र व्यवस्थापनका लागि सरकार समक्ष माग गर्नुभयो।

**माननीय सुरेश कुमार आलेमगर**ले खोटाङका एम अधिकारी र नेपाल राष्ट्रबैंकका गभर्नर एकै व्यक्ति रहेको भनी व्यापक रूपमा समाचार र टिप्पणी आउने गरेकोले सम्बन्धित दलले यस सम्बन्धमा प्रष्ट पार्न माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय प्रकाश पन्थ**ले नेपालमा ३०० भन्दा बढी सङ्ख्यामा कानुनहरू रहेतापनि कानुन कार्यान्वयन पक्ष फितलो हुँदा कानुनी राज्यको परिकल्पना साकार हुन नसकेको जानकारी गराउनुहुँदै सामाजिक व्यवहार अनुरूप कानुन नबन्दा कानुन कार्यान्वयनमा जटिलता रहेको समेत जनाउनुभयो । उहाँले कानुनको कार्यान्वयन गर्ने कार्यपालिकाले कानुन कार्यान्वयनका लागि कानुन मन्त्रालय लगायत सबै सरोकारवालाको ध्यानाकर्षण गराउनुहुँदै कानुनको अडिट गरिनु पर्ने माग समेत गर्नुभयो ।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले वर्तमान सरकार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको हितमा काम गर्न नसकेको आरोप लागाउनुहुँदै नेपाली जनताका हितमा काम गर्नका लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय राधेश्याम पासवान**ले नेपालमा ६ पटक संविधान बनेर सातौं संविधान कार्यान्वयनको क्रममा हुँदा पनि देशमा नागरिकले सुख तथा खुसी ल्याउन नसकेको तथा सदनमा संघीयता विरुद्ध बोल्नु संविधानको मर्म विपरित भएकाले यस्तो अभिव्यिक्ति नदिई संघीयता कार्यान्वयन र संविधानको भावना कार्यान्वयनका लागि एकजुट हुनु पर्ने माग गर्नुभयो ।

**माननीय उदय बहादुर बोहरा**ले नेपाल कृषि प्रधान देश भनिएतापनि खाद्यान्न सामग्री आयात गरिरहेको अवस्था विद्यमान रहनु लज्जास्पद विषय भएकाले जुनसुकै दलको सरकार भएता पनि यस विषयलाई प्राथमिकतामा राखेर काम गर्न अनुरोध गर्नुहुँदै नेपाल जलस्रोतमा विश्वमै दोस्रो धनी मुलुक भएतापनि देशमा लोडसेडिङ्ग रहेको बारेमा सरकार तथा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुहुँदै राष्ट्रिय गौरवका जलविद्युत आयोजना सम्पन्न गर्न भएको ढिलासुस्ती हटाउन माग गर्नुभयो ।

**माननीय मोहम्मद खालिद**ले नेपालमा धार्मिक सहिष्णुता, सांस्कृतिक ऐक्यद्धता रहेको, सामाजिक, भौगोलिक सौहार्दता नेपालको विशेषता भएतापनि यसलाई सखाप पार्ने षडयन्त्र भएकाले यस्ता गतिविधी रोक्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय डा. विमला राई पौड्याल**ले संसद जनताको प्रतिनिधि रहेको र संसदको प्रश्न जनताका प्रश्न रहेको जनाउँनुहुँदै **SPP** अस्वीकार गरेको सम्बन्धी अमेरिकालाई सरकारले आधिकारिक पत्र लेखेको छ कि छैन? भनी सरकारलाई प्रश्न गर्नुहुँदै सो सम्बन्धमा प्रधानमन्त्रीबाट जवाफको माग गर्नुभयो । उहाँले भारतीय मेडियाले नेपालको अर्थतन्त्र श्रीलङ्कामूखी रहेको बारेमा सामाचार लेखेको जानकारी गराउनुहुँदै अर्थ मन्त्रालयले यस बारेमा तथ्य तथ्याङ्कका साथ स्पष्ट पार्न माग गर्नुभयो ।

**माननीय महेश कुमार महरा**ले डडेलधुराको आलिताल गाउँपालिकामा २०७७ मा गएको पहिरोको कारण विस्थापित परिवारहरूको पुनर्स्थापनाका सम्बन्धमा नेपाल सरकारको पटक पटक ध्यानाकर्षण गराउँदा समेत सुनुवाई नभएकाले पुनर्स्थापना गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय इन्दु कडरिया**ले बढ्दो महङ्गी नियन्त्रण गर्न सरकार समक्ष माग गर्नुहुँदै सीमा सुरक्षाका सम्बन्धमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिले प्रतिवेदन मार्फत दिएको सुझाव कार्यान्वयनको माग गर्नुभयो ।

**माननीय माया प्रसाद शर्मा**ले नेपालमा राजनीतिक एजेण्डा मात्र अगाडि आउने स्थितिले विकास र औद्योगिकीरणका क्षेत्रमा विकास हुन नसेकेको विषय उजागर गर्नुहुँदै विकास र औद्योगिकीरणको बाटोमा मुलुक लैजान एकजुट हुन अनुरोध गर्नुभयो ।

**माननीय सोनाम गेल्जेन शेर्पा**ले सांसदहरू दलको र सत्ताको मलजल गर्न मात्र तल्लिन रहेको आरोप लगानउनुहुँदै सार्वजनिक उत्तरदायित्व वहन गर्न अनुरोध गर्नुभयो । उहाँले घर घरमा सिंहदरबार भन्ने नारा लगाउने तर अधिकारको केन्द्रिकरण गर्ने प्रवृत्तिले संघीयता कार्यान्वयनमा जटिलता ल्याएकाले अधिकारको निक्षेपण गर्न, यथाशीघ्र संघीय निजामती सेवा ऐन ल्याएर कर्मचारीतन्त्रको संघीय भावना अनुकूल व्यवस्थापन गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय नारायण दत्त मिश्र**ले मुक्तिनाथमा भारतीय प्रधानमन्त्रीले पुजा गरेको भिडियो सार्वजनिक भएपश्चात त्यहाँ भारतीय धार्मिक पर्यटकको घुइँचो लागेको जानकारी गराउनुहुँदै पशुपति क्षेत्रको धार्मिक पर्यटन उकास्न पशुपतिको भिडियो बनाई सार्वजिनिक गर्न माग गर्नुभयो । उहाँले दुई सदनात्मक व्यवस्थापिकामा राष्ट्रिय सभाको गरिमा बढाउन सम्माननीय अध्यक्ष र माननीय सदस्यहरूको भुमिका प्रभावकारी र अहम् हुनु पर्ने माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथिको दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै उक्त विधेयकमा १४ जना माननीय सदस्यहरूबाट तीन समूहका संयुक्त संशोधन प्रस्तावहरू दर्ता हुन आएको बेहोरा जानकारी समेत गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू माननीय प्रकाश पन्थ, माननीय देवेन्द्र दाहाल र माननीय डा. बेदुराम भुसाललाई क्रमशः आ-आफ्ना संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिनुभएपछि माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले तिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहने देहायका माननीय सदस्यहरूलाई समय प्रदान गर्नुभयोः

- मा. सुरेश कुमार आलेमगर
- मा. सुमित्रा बि. सी.
- मा. तुलसा कुमारी दाहाल
- मा. उदय बहादुर बोहरा
- मा. भैरव सुन्दर श्रेष्ठ
- मा. गंगा कुमारी बेलबासे
- मा. खिमलाल देवकोटा
- मा. गोमा देवी तिमल्सिना

तदुपरान्त सम्माननीय अध्यक्षले , प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै उक्त विधेयकमाथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

तत्पश्चात्  सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट क्रमशः माननीय प्रकाश पन्थ, माननीय देवेन्द्र दहाल र माननीय डा. बेदुराम भुसाललाई आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा

संशोधनकर्ता माननीय सदस्यहरूले आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनु भएकाले उक्त प्रस्तावलाई निर्णयार्थ पेश गरिरहन नपरेको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू र माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले स्वीकार गर्नु भएका संशोधन प्रस्तावहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुभई सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले देहाय बमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

**"प्रस्तावनाः** मुलुकको लागि आवश्यक पर्ने सक्षम, उच्च प्राविधिक, वैज्ञानिक र विचारकहरूको उत्पादन तथा नयाँ ज्ञान र प्रविधि सृजना गर्ने, मौजुदा ज्ञान र प्रविधिलाई स्थानीय परिवेश अनुकूल बनाई उपलब्ध गराउने उद्देश्यले सार्वजनिक स्वरुपको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

त्यसपछि सम्माननीय अध्यक्षले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल साउन ९ गते सोमबार बिहान ११:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव